नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## प्रेस विज्ञप्ति

आम उपभोक्ताको स्वास्थ्य र सुविधा कायम राख्न खाद्य ऐन नियमको प्रभावकारी कार्यान्वयन गर्दै खाद्य प्रविधिको विकास तथा खाद्यमा आधारित पोषणको सुधारका लागि विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम संचालन र खाद्य पदार्थको विश्लेषण परिक्षणका लागि विश्वसनीय प्रयोगशाला सेवा प्रदान गर्ने कार्य खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा मातहतका कार्यालयहरुबाट हुँदै आएको छ ।

यस विभागको संगठन संरचना काठमाडौंमा विभाग; बिराटनगर, जनकपुर, हेटौंडा, भैरहवा, नेपालगञ्ज र धनगढी स्थित ६ वटा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरु; झापा, इनरुवा, धनकुटा, उदयपुर, राजविराज, मलंगवा, जलेश्वर, पर्सा, चितवन, काठमाडौं, धुलिखेल, नुवाकोट, सिन्धुली, दमौली, पोखरा, बाग्लुङ, तानसेन, तौलिहवा, दाङ, सुर्खेत, जुम्ला, डोटी, डडेल्धुरा र बैतडी स्थित २४ वटा डिभिजन कार्यालयहरु र काँकडभिट्टा, रानी, जलेश्वर, त्रिभुवन विमान स्थल, तातोपानी, रसुवा, बीरगञ्ज, भैरहवा, कृष्णनगर, नेपालगञ्ज, धनगढी र कञ्चनपुर गरी १२ स्थानमा खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालयहरु गरी जम्मा ४३ कार्यालयहरु रहेका छन् ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा मातहतका कार्यालयहरुबाट आर्थिक वर्ष २०७७/७८ को प्रथम चौमासिक अवधि अर्थात् २०७७ श्रावण १ देखि कार्तिक मसान्त सम्ममा कोभिड-१९ को महामारीका अवस्थामा पनि सम्पन्न मुख्य मुख्य कार्यहरु र सोबाट हासिल प्रगति यस प्रकार रहेका छन् ।

### १. खाद्य उद्योग तथा बजार निरीक्षण अनुगमन र गुणस्तर नियमन कार्यक्रम

- आर्थिक वर्ष २०७७/७८ को प्रथम चौमासिक अवधिमा विभाग तथा मातहतका कार्यालयहरुबाट बजार निरीक्षण अनुगमन गरी ऐन नियमानुसार ११८९ नमूना सङ्कलन भएकोमा नमूनाहरुको विश्लेषण परीक्षण प्रतिवेदन अनुसार ७० नमूनाहरु मापदण्ड अनुसार नपाइएका। मापदण्ड अनुसार नपाइएका ७० नमुनाहरू मध्ये सबैभन्दा बढि प्रशोधित पिउने पानीका २१ नमुना (३०%), दानाका १६ नमुना (२३%), तेल तथा घ्यु जन्य नमुना १४ (२०%), खाद्यान्न १०(१४%) लगायतका अन्य खाद्य पदार्थका नमुनाहरू रहेका थिए । साथै यस अवधिमा विभाग तथा मातहतका कार्यालयहरुबाट खाद्य स्वच्छता सर्भिलेन्सका लागि ८७६ नमूना संकलन गरिएको थियो ।

- आर्थिक वर्ष २०७७/७८ को प्रथम चौमासिक अवधिमा खाद्य ऐन तथा नियम अनुसार न्यूनस्तर तथा दूषित उत्पादन तथा बिक्रीवितरण गरेको कसूरमा २६ थान मुद्दा विभिन्न जिल्ला प्रशासन कार्यालय तथा जिल्ला अदालतमा दायर गरिएको थियो । दायर गरिएका २६ थान मुद्दा मध्ये सबैभन्दा बढी प्रशोधित पिउने पानीका ५ लगायत खाने तेल ३, बेकरी ३, दाना २, चाउचाउ २, मिठाइ २ का साथै घ्यु, दहि, चामल, सस्, काजु किसमिस, खाद्य रंग, बियर, मटर फ्राइ जस्ता

विभिन्न खाद्य पदार्थका रहेका थिए । उक्त मुद्दाहरुमध्ये ८ वटा मुद्दाहरु न्यून गुणस्तरका, ७ वटा मुद्दाहरु दुषितका, ७ वटा मुद्दाहरु लेवल लगायत्का विवरण नमिलेका तथा बाँकि ४ वटा मुद्दाहरु खाद्य ऐन नियम निर्देशिका उलंघन सम्बन्धी थिए ।

- पहिलो चौमासिक अवधिमा विभाग तथा मातहतका कार्यालयहरुबाट खाद्य /दाना उद्योग, होटल रेष्टुरेण्ट, राजमार्गका होटल लगायत १८७३ पटक निरीक्षण अनुगमन गरिएको थियो ।
- पहिलो चौमासिक अवधिमा विभागतथा मातहतका कार्यालयहरुमा प्राप्त प्रशोधित पिउने पानीको गुणस्तर, खाने तेलको गुणस्तर, होटल रेष्टुरेण्ट, चामलको गुणस्तर लगायतका विभिन्न विषयका जम्मा १५३ उजुरी उपर तत्काल सम्बोधन टोली (Rapid Response Team) मार्फत कारबाही गरिएको।
- आर्थिक वर्ष २०७७/७८ को प्रथम चौमासिक अवधिमा विभाग तथा मातहतका कार्यालयहरुबाट भएको निरीक्षण अनुगमनमा खाद्य ऐन, २०२३, खाद्य नियमावली, २०२७ तथा निर्देशिका बमोजिम उत्पादन गरेको नपाईएका ३४ वटा उद्योग एवं खाद्य व्यवसायहरुलाई उत्पादन रोक्का एवं सिलबन्दीका साथै नमूनाहरु संकलन गरी कारवाही अघि बढाइएको। उत्पादन रोक्का एवं सिलबन्दी गरिएका ३४ वटा उद्योग एवं खाद्य व्यवसायहरु मध्ये प्रशोधित पिउने पानिका १५ खाद्यान्न तथा दलहनका ८, दुध तथा दुग्ध पदार्थका ६, तेल तथा घ्युजन्यका ३ र अन्य ३ खाद्य व्यावसायहरू रहेका थिए ।
- प्रथम चौमासिक अवधिमा १५६ उद्योगलाई नयाँ अनुज्ञापत्र जारी, ६३० उद्योग अनुज्ञापत्र नवीकरण तथा ६४२ नयाँ उद्योग स्थापना गर्न सिफारिश गरिएको छ।

## २. खाद्य आयात निर्यात नियमन कार्यक्रम

- खाद्य आयात निर्यात निरीक्षण तथा गुण प्रमाणिकरण प्रणाली सम्वन्धी निर्देशिकाले व्यवस्था गरे अनुरूप आयात गर्नु पूर्व अनिवार्यरूपमा अनुमति लिनुपर्ने भनी व्यवस्था गरिएका विभिन्न खाद्यवस्तुहरूको आयात अनुमति लिने क्रममा आ. व. २०७७/७८ को पहिलो चौमासिक अवधिमा जम्मा ९,०५५ आयात अनुमति जारी गरिएको। यसै क्रममा आवश्यक कागजात पूरा नभएका गेडागुडी, मसलाजन्य लगायतका विविध खाद्य पदार्थहरु पहिलो चौमासिक अवधिमा जम्मा ६३ खाद्य पदार्थका कन्साइन्मेन्टहरुको अनुमती अस्विकृत गरिएको थियो ।

- यस पहिलो चौमासिक अवधिमा १२ वटा विभिन्न नाकामा रहेका खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालयहरुमा २५,१५४ वटा नमूनाहरू प्राप्त भई सोको जाँच विश्लेषण गरी नियमन गरिएको। जस मध्ये पापड, चामल, बदाम, मसला, मैदा, वेसन लगायतका २५ वटा नमुनाहरू प्रतिकुल पाइएकोमा सोको आयात रोक्का गरिएको छ।
- खाद्य आयात निर्यात गुण प्रमाणिकरण प्रक्रियालाई अनलाईन सेवा मार्फत सहजिकरण गर्न भन्सार विभागको सहकार्यमा नेपाल राष्ट्रिय एकद्वार प्रणाली (Nepal National Single Window) मा आवद्ध हुने प्रकृयामा रहेको छ ।

३. खाद्य स्तर निर्धारण कार्यक्रम

आर्थिक वर्ष २०७७/७८ को पहिलो चौमासिक अवधिमा खाद्य ऐन अनुरुप निम्न विषयहरुको अनिवार्य गुणस्तर मापदण्डका मस्यौदाहरु तयार गरी प्राविधिक उपसमितिमा विज्ञ सहित छलफल गरिएको थियो ।

१. गेडा सिमि/सिमिको दाल (Whole Bean/Split bean lentil )
२. गेडा बकुला/बकुलाको दाल (Whole faba bean/Split faba bean lentil)
३. गेडा बोडी तथा बोडीको दाल (Whole cowpea/Split cowpea lentil)
४. गेडा राजमा/राजमाको दाल (Whole faba bean/Split faba bean lentil)
५. गेडा केराउ/केराउको दाल (Whole pea/Split pea lentil)
६. गहतको दाल (Horse gram lentil)
७. गेडा मस्याङ (Rice bean lentil)
८. आइसक्रिम (Ice-Cream)
९. फ्रोजन डेजर्ट (Frozen Dessert)
१०. खुवा/कुराउनी (Khuwa/Kurauni)
११. छुर्पी (Chhurpi)
१२. डेरी ह्वाईट्नर (Dairy Whitener)

नेपाल राजपत्रमा प्रकाशनका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय मार्फत मन्त्रीपरिषदमा पेश भएका मापदण्डहरु:

१. दश वटा फलफूल तथा तरकारीमा विषादीको अधिकतम सिमा Maximum Residue Limit (MRL)
२. विभिन्न खाद्य पदार्थहरुमा माइकोटक्सिन(Mycotoxin) को अधिकतम सिमा थप गरिएको

यस अवधिभर निम्न बमोजिमका खाद्य पदार्थहरुको गुणस्तर मापदण्डहरु कृषि तथा पशुपन्छी विकास मन्त्रालय (कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा) बाट SPS Notification का लागि WTO को Online SPS Notification System मार्फत सबै सदस्य राष्ट्रहरुलाई Notify गरीएकोमा कुनै पनि सुझाव (Comments) प्राप्त भएकोले निम्न बमोजिमका खाद्य पदार्थहरूको अनिवार्य गुणस्तर मापदण्ड मिति २०७७/०५/२९ मा नेपाल राजपत्रमा प्रकाशन गरिएको ।

१. चिउरा
२. पुष्टकारी (Pustakari)
३. गुँदपाक (Gundpak)
४. तेल तथा घिउमा टोटल पोलार मटेरियल (Total Polar Material)
५. दालमोठ (Dalmoth)

४. प्रयोगशाला सुदृढिकरण र प्रत्यायन **(Accreditation)** तथा प्रयोगशाला सेवा सम्वन्धी कार्यक्रम

क. प्रयोगशाला सुदृढिकरण

- खाद्य पदार्थको निर्यातमा सहजीकरणका लागि विभाग अन्तर्गत राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालाको ११८ वटा प्यारामिटरहरुमा एक्रेडिटेशनको क्षेत्र विस्तारका लागि निवेदन दिने

कार्य अघिल्लो आर्थिक वर्ष मै सम्पन्न भएकोमा यस चौमासिकमा एक्रेडिटेशन प्रदायक संस्था NABL, India लाई नियमानुसार लाग्ने फि बुझाइएको छ।

- राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालाको क्षमता अभिवृद्धि एवं सुदृढिकरण कार्यक्रम अन्तर्गत आवस्यक डकुमेन्टहरू अपडेट गरी छपाई कार्य गरिएको । साथै सम्पन्न भएका Method Validation हरु मध्ये ६० थान Validated Methods को छपाई कार्य सम्पन्न गरिएको । यसबाट प्रयोगशाला परीक्षण क्षमता अभिवृद्धिका साथै प्रयोगशालाको थप एक्रेडिटेशनको लागि सहज भएको छ ।
- प्रयोगशालाको क्षमता अभिवृद्धि तथा थप प्रत्यायन तयारीका लागि Certified Reference Materials (CRM) Procurement, Development of Standard Operating Procedure, Method Validation, Proficiency Testing Participation का कार्यहरु भैरहेको छ।
- प्रयोगशाला क्षमता अभिवृद्धि तथा थप प्रत्यायन तयारीका लागि मेशिन तथा उपकरणहरु Calibration गर्नु पर्ने भएकोले Burette 15, Pipette 8, VF 6 and Pyknometer 2 थानको Internal Calibration सम्पन्न गरिनुका साथै Delhi, India को Calibration Agency बाट External Calibration कार्य सम्पन्न गरिएको ।

**ख. प्रयोगशाला प्रत्यायन (Accreditation)**

विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालालाई रासायनिक, जीवनाशक विषादीको अवशेष, माइकोटक्सिन, हेभि मेटल तथा सूक्ष्मजैविक विषय गरी विभिन्न २६ खाद्य पदार्थहरुका १०१ प्यारामिटरहरुमा नयाँ सस्करण ISO/IEC 17025:2017 अनुरुप अन्तर्राष्ट्रिय मान्यता प्राप्त हुने गरी प्रयोगशाला प्रत्यायन भएकोमा उक्त प्रत्यायन कार्यको अद्यावधिक भएको साथै निर्यातजन्य खाद्य पदार्थहरुलाई सहजीकरणका लागि विषादीको अवशेष, शुक्ष्म जीव, हेभी मेटल तथा केमिकल्स लगायतका क्षेत्रहरुमा थप एक्रेडिटेशनका तयारी भैरहेको छ । साथै प्रयोगशाला प्रत्यायन कार्य अन्तर्गतको Internal Audit तथा Management Review Meeting को कार्य सम्पन्न भएको ।

**ग. प्रयोगशाला सेवा**

यस अवधिमा विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशाला तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरूका प्रयोगशालाहरूबाट खाद्य ऐन नियम कार्यान्वयनका क्रममा सङ्कलित नमुना, खाद्य उद्योग अनुज्ञापत्रका लागि सङ्कलित नमुनाहरु लगायत सेवाग्राहीहरूबाट अनुरोध भई आएका गरी जम्मा ७,८१९ वटा नमूनाहरू तथा आयात निर्यात नियमन अन्तर्गत २५,१५४ वटा नमूनाहरू गरी कूल ३२,९७३ वटा नमूनाहरु प्रयोगशाला जाँच परीक्षण गरिएको थियो ।

**५. खाद्य प्रविधि विकास तथा पोषण सम्वन्धी प्रवर्द्धनात्मक कार्यक्रम**

- आर्थिक वर्ष २०७७/७८ को पहिलो चौमासिक अवधिमा सेलरोटि, वाइन तथा पोषिलो परिकार विकास लगायतका खाद्य पदार्थहरु गरी ३ किसिमका अध्ययन अनुसन्धान गरिएको थियो ।

- पोषण विश्लेषण तथा फुड कम्पोजिशन टेवलको अद्यावधिक

विभिन्न खाजा जन्य परम्परागत खाद्य पदार्थहरुको पौष्टिक तत्व विश्लेषण गरी बुकलेट प्रकाशन गर्नुका साथै खाजा जन्य परम्परागत खाद्य पदार्थहरु समावेश गरि फुड कम्पोजिशन टेवलको अद्यावधिकको लागि कार्य भैरहेको।

६. नेपाल असल कृषि अभ्यास प्रमाणिकरण सम्वन्धी कार्यक्रम

उपभोक्ताहरुलाई स्वस्थ र सुरक्षित खाद्य तथा कृषिजन्य वस्तु उपलब्ध गराउन, दिगो कृषिलाई योगदान पुर्याउन, निर्यात प्रवर्द्धनका साथै आयात व्यवस्थापन गर्न नेपाल असल कृषि अभ्यास लागू गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयले नेपाल असल कृषि अभ्यास कार्यान्वयन निर्देशिका, २०७५ जारी गरेकोमा नेपाल असल कृषि अभ्यास प्रमाणिकरण निकायको रुपमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई तोकेको छ । यसै सन्दर्भमा विभागले निम्न तीन तरकारी कृषि फर्महरुलाई नेपाल असल कृषि अभ्यास प्रमाणिकरणको प्रमाणपत्र जारी गरिएकोमा उक्त कृषि फर्महरुमा नियमित निरिक्षण अनुगमन अन्तर्गत सर्भिलेन्स गर्ने कार्य भएको छ ।

- ☐ कृषि परियोजना टिकाथली, महालक्ष्मी न. पा.-५, टिकाथली
- ☐ विशेष सदावहार कृषि फार्म, नागर्जुन न. पा.-८, रामकोट
- ☐ मैत्रीमंगलम् अर्गानिक कृषि फार्म, नागर्जुन न. पा.-६, रामकोट

७. खाद्य स्वच्छता सचेतना कार्यक्रम

खाद्य स्वच्छताका दृष्टिकोणले बढी जोखिमयुक्त खाद्य पदार्थहरु प्रशोधित पिउने पानी, दूध तथा खाने तेललाई प्राथमिकतामा राखी गत विगत आ. व. देखि अभियानको रुपमा प्रवर्धनात्मक तथा नियमन केन्द्रित कार्यक्रम सन्चालन गरिएकोमा सो कार्यक्रमलाई निरन्तरता दिएको छ ।खाद्य स्वच्छताका दृष्टिकोणले बढी जोखिमयुक्त खाद्य पदार्थहरु प्रशोधित पिउने पानी, दूध तथा खाने तेललाई प्राथमिकतामा राखी ९ पटक दुध, पानी तथा खाने तेलका उद्योगीहरुसंग खाद्य स्वच्छता बारे अन्तरक्रिया एवं सचेतना कार्यक्रम सम्पन्न गरेको ।

अन्त्यमा, खाद्य स्वच्छता तथा गुणस्तर सम्वन्धी विभिन्न समाचार सामाग्री महत्वका साथ प्रकाशन तथा प्रसारण गरी आम उपभोक्ताहरुलाई सुसूचित गर्न पत्रकार मित्रहरुले पुर्याउनु भएको योगदानको उच्च कदर गर्दै आगामी दिनमा समेत सहकार्य गरी खाद्य पदार्थको स्वच्छता, गुणस्तर र पौष्टिक महत्वको बारेमा आम उपभोक्ता वर्गमा जनचेतना जगाउने कार्यमा सहयोग प्राप्त हुने विभागले आशा एवम् विश्वास लिएको छ ।

धन्यवाद ।

मोहन कृष्ण महर्जन
प्रवक्ता
२०७७।०८।१५